# कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड

## पन्ध्रौं वार्षिक साधारण सभाका निर्णयहरु

सभा मिति : २०८१ पुस २९ गते सोमवार ।

सभा समय : बिहान ९ : ०० बजे ।

सभा स्थान : होटल टास्क इन्टरनेशनल प्रा.लि.पोखरा, कास्की ।

१. **बैधानिक सभा :**

मिति २०८१ पुस ०६ गते शनिवार बसेको यस कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको २५० औं बैठकको निर्णय अनुसार बोलाईएको संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०८१ पुस २९ गते सोमवार (तद्नुसार १३ जनवरी २०२५) ।
२.२ स्थान : होटल टास्क इन्टरनेशनल प्रा.लि.को सभाहल, पोखरा कास्की ।
२.३ समय : विहान ०९ : ०० बजे ।

३. **सभाको सूचना :**

३.१ मिति २०८१ पुस ०६ गते बसेको सञ्चालक समितिको २५० औं बैठकले यस वित्तीय संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा २०८१ पुस २९ गते सोमवार बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी पन्ध्रौं वार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीहरुलाई सभाको जानकारी गराउनु पर्नेमा २३ दिन अगाडी नै मिति २०८१ साल पुस ०७ गते राष्ट्रिय स्तरको राजधानी दैनिक पत्रिकामा सूचना प्रकाशित गरी मिति २०८१ पुस २२ गते सोही राजधानी राष्ट्रिय दैनिक पत्रिकामा पूनः स्मरणार्थ सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित पन्ध्रौं वार्षिक साधारण सभाको सूचनाको साथमा सञ्चालक समितिको तर्फवाट पेश हुने साधारण तथा विशेष प्रस्तावहरु संलग्न गरी सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

४. **गणपूरक संख्या :**

कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावली २०७१ को नियम २३ मा गणपूरक संख्याको सम्वन्धमा "पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् र आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख भएकोमा आजको पन्ध्रौं वार्षिक साधारण सभामा ५६ जना शेयरधनीहरु स्वयम्वाट ६२०४०३ कित्ता शेयर र १६६ जना शेयरधनीको प्रतिनिधि मार्फत १५१९००९ कित्ता गरी २१३९४१२ कित्ता उपस्थिति भएको हुँदा सभा सञ्चालनको लागी आवश्यक गणपूरक संख्या पुगेको साथै, सोही बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या ३७२३२१७३९ को ५७४६ प्रतिशत उपस्थिति भएकोले आजको पन्ध्रौं वार्षिक साधारण सभाले वैधानिकता प्राप्त गरेको ब्यहोरा कम्पनी सचिव फणिन्द्र पाण्डेबाट सभामा जानकारी भए पश्चात सभावाट ताली बजाएर वैधानिकता प्रमाणित भयो ।

KLBSL NEPAL



CamScanner

५. **उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति :**

| संस्थापक शेयरधनीहरु (समूह "क") को तर्फबाट | सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को तर्फबाट | स्वतन्त्र सञ्चालक |
|---|---|---|
| १. श्री चन्द्र वहादुर क्षेत्री (अध्यक्ष) - उपस्थित ।<br>२. श्री विकास गौचन (सञ्चालक) - व्यक्तिगत समस्याका कारण उपस्थित हुन नसक्नु भएको ।<br>३. श्री नित्यानन्द तिवारी (सञ्चालक) - उपस्थित ।<br>४. श्री रमा कुमारी शर्मा (सञ्चालक) - उपस्थित । | १. श्री विश्वराज नेपाल (सञ्चालक) - उपस्थित ।<br>२. श्री केशवनारायण प्रधान(सञ्चालक) - विदेशमा रहेको कारण उपस्थित हुन नसक्नु भएको । | १. श्री वसन्त वहादुर थापा (सञ्चालक) - उपस्थित । |

(ख) **पर्यवेक्षकहरुको उपस्थिति :**

पर्यवेक्षकको रुपमा केन्द्रीय कार्यालयका कर्मचारीहरु उपस्थित हुनुभएको थियो ।

(ग) **शेयरधनीहरुको उपस्थिति :**

| शेयरधनी | उपस्थिति | शेयर स्वामित्व(कित्तामा) |
|---|---|---|
| स्वयं उपस्थिति | ५६ | ६२०४०३ |
| प्रतिनिधि मार्फत उपस्थिति (प्रोक्सी) | १६६ | १५१९००९ |
| जम्मा उपस्थिति | २२२ | २१३९४१२ |

(घ) **शेयरधनी उपस्थिति संख्या :**

| बिवरण | कुल शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनी | २४०२२१९।८६ | ५४०३६९ | १४०५७५१ | १९४६१२० | ५२।२७ |
| सर्वसाधारण शेयरधनी | १३२०९९७५३ | ८००३४ | ११३२५८ | १९३२९२ | ५।१९ |
| **जम्मा** | **३७२३२१७३९** | **६२०४०३** | **१५१९००९** | **२१३९४१२** | **५७४६** |

६. **अध्यक्षको आसन ग्रहण :**

सभाको अध्यक्षता : कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १९ (१) मा साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यवस्था उल्लेख भए बमोजिम आजको यस पन्ध्रौं वार्षिक साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्ष श्री चन्द्र वहादुर क्षेत्रीज्यूलाई कम्पनी सचिव श्री फणिन्द्र पाण्डेले डयासमा बोलाई आसन ग्रहण गराउनु भयो ।

७. **अन्य आसन ग्रहण :**

सभामा उपस्थित रहनु भएका सञ्चालकहरु क्रमश: श्री नित्यान्द तिवारी, श्री रमा कुमारी शर्मा, श्री विश्वराज नेपाल र श्री वसन्त वहादुर थापा साथै यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री कुल चन्द्र पराजुली, राष्ट्रिय मानव अधिकार आयोगका पुर्व सदस्य तथा संस्थापक शेयरधनी श्री गोविन्द शर्मा पौडेल, संस्थापक अध्यक्ष तथा संस्थापक शेयरधनी श्री चन्द्र वहादुर वस्नेत, सञ्चालक समितिवाट नियुक्त निर्वाचन अधिकृत श्री गिरधारी सुवेदी लगायत पूर्व सञ्चालक मेघनाथ सुवेदीज्यूलाई कार्यक्रम सञ्चालक कम्पनी सचिव श्री फणिन्द्र पाण्डेले ड्यासमा आसन ग्रहण गराउनु भयो ।

सभाको कारवाही अगाडी बढाउन सभा अध्यक्षज्यूले कार्यक्रम सञ्चालक कम्पनी सचिव श्री फणिन्द्र पाण्डेलाई अनुमति प्रदान गर्नु भयो ।

स्वागत मन्तव्य वित्तीय संस्थाका सञ्चालक श्री रमा कुमारी शर्माले गर्नु भएको थियो भने शुभकामना मन्तव्य संस्थापक शेयरधनी श्री मेघनाथ सुवेदी, संस्थापक अध्यक्ष श्री चन्द्र वहादुर वस्नेत र राष्ट्रिय मानव अधिकार आयोगका पुर्व सदस्य तथा संस्थापक शेयरधनी गोविन्द शर्मा पौडेलले गर्नु भएको थियो । यसै गरी संस्थाको हालसम्मको प्रगति तथा आगामी कार्ययोजनाका वारेमा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री कुल चन्द्र पराजुलीले प्रस्तुत गर्नुभएको थियो ।

८. **सभामा छलफल गरिने बिषयहरुको सूची प्रस्तुत :**

कम्पनी सचिवले पूर्व निर्धारित सूचना अनुसार देहायका छलफलका बिषयहरु रहेको स्मरण गराउदै बिषयसूचीहरु वाचन गर्नु भयो ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८१/०८२ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८०।०८१ सम्मको सञ्चित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैतीस करोड तेइस लाख एक्काईस हजार सात सय उनान्चालीस रुपैया एकाउन्न पैसा मात्र) को ०।५० प्रतिशतका दरले हुन आउने रकम रु.१८,६१,६०८/७० ( अक्षरेपी अठार लाख एकसठ्ठी हजार छसय आठ रुपैया सत्तरी पैसा मात्र ) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

५) सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीहरुको तर्फबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८०।०८१ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैंतिस करोड तेइस लाख एक्काईस हजार सात सय उनान्चालीस रुपैया एकाउन्न पैसा मात्र) को ९।५० प्रतिशतले हुन आउने रकम रु.३,५३,७०,५६५/२५ (अक्षरेपी तीन करोड त्रिपन्न लाख सत्तरी हजार पाँचसय पैंसठ्ठी रुपैया पच्चीस पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२) वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालीस करोड छयहत्तर लाख बयानब्बे हजार तीनसय चार रुपैया छयहत्तर पैसा मात्र) हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी बृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

३) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागी नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य पुरा गरी अन्तिम स्वीकृति लिने लगायत सो संग सम्वन्धित अन्य कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४) प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने

**ग) विविधः**

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभाअध्यक्ष श्री चन्द्र वहादुर क्षेत्रीज्यूले सञ्चालक समितिको आ.व २०८०/०८१ को बार्षिक प्रतिवेदन वाचन गरी सभामा प्रस्तुत गर्नु भयो ।

१०. **शेयरधनीहरुको भनाई :**

सभाका अध्यक्षज्यूले सञ्चालक समितिको प्रतिबेदन प्रस्तुत गर्नु भए पश्चात अध्यक्षज्यूको आज्ञाले कम्पनीको आ.व.२०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचीहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनुभई निम्न वमोजिम टिप्पणी, जिज्ञासा, राय र सुझाब प्रस्तुत गर्नु भयो ।

(क) **शेयरधनी श्री भोलानाथ शर्मा :**

- पन्ध्रौ वार्षिक साधारण सभाको प्रतिवेदनमा आ.व.२०८०।८१मा भए गरेका सम्पुर्ण विषयहरु समेटीएको हुँदा प्रतिवेदन राम्रो रहेको ।
- वार्षिक रुपमा निष्क्रिय कर्जा घटदै जानु राम्रो संकेत ।
- संस्थागत सुशासन तथा HR व्यवस्थापन राम्रो हुँदै गएको हुँदा संस्थामा अब केहि हुन्छ भन्ने आसा जागेको
- वार्षिक प्रतिवेदनमा सञ्चालकको विस्तृत रणनीतिक योजना प्रस्तुतीकरण राम्रो ।
- हालको अवस्थामा समेत लाभांश दिनु संस्थाको अवस्था मजवुत छ भन्ने प्रमाणित भएको ।
- Loan Restructure सम्वन्धमा हालको अवस्था साथै Interest Receivable वढ्नुको कारण ।



CamScanner

- व्याज खर्च के कति कारणवाट अघिल्लो आ.व.मा भन्दा वढि भएको ।
- सदस्य थप विना व्यवसाय विस्तार हुन नस्कने हुँदा सदस्य थप गर्न तर्फ ध्यान दिनुपर्ने सुझाव ।
- CSR Fund अलि बढी परिचालन गर्न सुझाव ।

(ख) **शेयरधनी श्री डोलराज ढुङ्गाना :**

- १० प्रतिशत लाभांश राम्रो साथै अलि वढि हुन्छ कि भन्ने आसा रहेको ।
- काम गर्न सक्छौ भन्ने कुरा स्पष्ट रुपमा सञ्चालकवाट आउनु पर्ने साथै, प्रतिवद्दता समेत गर्नुपर्ने ।
- नेपाल राष्ट्र वैंकवाट भएका टिका टिप्पणी स्पष्ट राख्नु पर्ने ।
- शेयर सदस्यहरुको उपस्थिति कम किन भएको ।
- शेयर स्वामित्व परिवर्तनको विषय किन हुन सकेन जानकारी दिनुहोला ।

**(ग) शेयरधनी श्री मिन वहादुर वोहरा :**

- हाल वजारमा संस्थालाई हेर्ने दृष्टीकोण सकारात्मक रहेको ।
- रणनीतिक योजना वनाई निष्कृय कर्जाको अनुपात क्रमशः घटाउँदै लैजानु पर्ने ।
- १० प्रतिशत लाभांश दिन सक्नु हालको अवस्थामा सारै राम्रो ।
- संस्थाले प्रस्तुत गरेका वित्तीय इन्डिकेटर सकारात्मक रहेका ।

११. **अध्यक्षज्यूको जवाफ :**

शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण जिज्ञासा, राय सुझावहरुका लागि अध्यक्षज्यूबाट धन्यवाद दिदै उक्त विषयहरुका सम्वन्धमा समष्टिगत रुपमा प्रष्ट पार्दै शेयरधनीहरुबाट आएका गहन सुझावहरुलाई आगामी दिनमा मनन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै, साधारण सभा सम्बन्धी विधि र प्रक्रियाको विषयमा समेत प्रष्ट पार्नु भयो ।

१२. **सभाबाट भएका निर्णयहरु :**

**(क) साधारण प्रस्ताव :**

**१)सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं. १ सञ्चालक समितिको तर्फवाट अध्यक्षज्युद्वारा आर्थिक बर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नु भयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**२) आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं. २ आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही अवधीको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नु भयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।



CamScanner

**३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८१/०८२ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं. ३ कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८१/०८२ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने रहेकोमा सभाको जानकारिको लागी लेखापरीक्षण समितिको सिफारिस वमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१।०८२ को वाह्य लेखापरीक्षण कार्य सम्पन्न गर्न श्री.के.जे. एण्ड एसोसिएटस्,चार्टर्ड एकाउन्टेन्टस्, पुल्चोक ललितपुरलाई लेखापरीक्षण शुल्क तथा अन्य खर्च बापत प्रचलित कर (भ्याट) सहित रु.५,००,०००।- (अक्षेरुपी पाँच लाख रुपैया मात्र) प्रदान गर्ने गरी वाह्य लेखापरीक्षक नियुक्त गर्न सिफारिस सहित आसन्न साधारण सभामा प्रस्ताव निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेंयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८०।०८१ सम्मको सञ्चित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैतीस करोड तेइस लाख एक्काईस हजार सात सय उनान्चालीस रुपैया एकाउन्न पैसा मात्र) को ०।५० प्रतिशतका दरले हुन आउने रकम रु.१८,६१,६०८/७० (अक्षरेपी अठार लाख एकसठ्ठी हजार छसय आठ रुपैया सत्तरी पैसा मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित बिषय सूची साधारण प्रस्ताव नं.४ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८०।०८१ सम्मको सञ्चित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैतीस करोड तेइस लाख एक्काईस हजार सात सय उनान्चालीस रुपैया एकाउन्न पैसा मात्र) को ०।५० प्रतिशतका दरले हुन आउने रकम रु.१८,६१,६०८/७० (अक्षरेपी अठार लाख एकसठ्ठी हजार छसय आठ रुपैया सत्तरी पैसा मात्र ) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूवाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**५) सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीहरुको तर्फबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं.५ सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीहरुको तर्फवाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्वन्धमा निर्वाचनको कार्यकम अनुसार हुने भएकाले सोही बमोजिम हुने व्यहोरा सभाका अध्यक्षज्यूवाट सभामा जानकारी गराई अन्य प्रस्तावका विषयमा छलफल अगाडी बढाउन जानकारी गराउनु भयो ।

**(ख) विशेष प्रस्ताव :**

**१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८०।०८१ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैंतिस करोड तेइस लाख एक्काईस हजार सात सय उनान्चालीस रुपैया एकाउन्न पैसा मात्र) को ९।५० प्रतिशतले हुन आउने रकम रु.३,५३,७०,५६५/२५ (अक्षरेपी तीन करोड त्रिपन्न लाख सत्तरी हजार पाँचसय पैंसठ्ठी रुपैया पच्चीस पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं. १ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८०।०८१ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैंतिस

CamScanner

करोड तेइस लाख एक्काईस हजार सात सय उनान्चालीस रुपैया एकाउन्न पैसा मात्र) को ९.५० प्रतिशतले हुन आउने रकम रु.३,५३,७०,५६५/२५ (अक्षरेपी तीन करोड त्रिपन्न लाख सत्तरी हजार पाँचसय पैंसठ्ठी रुपैया पच्चीस पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**२) वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ ( अक्षरेपी चालीस करोड छयहत्तर लाख बयानब्बे हजार तीनसय चार रुपैया छयहत्तर पैसा मात्र) हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी बृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं. २ वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालीस करोड छयहत्तर लाख बयानब्वे हजार तीनसय चार रुपैया छयहत्तर पैसा मात्र) हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी बृद्धि सम्वन्धी प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**प्रबन्धपत्रमा संशोधन सम्बन्धमा विशेष प्रस्तावसंग सम्बन्धी तीन महले विवरण :**

| दफा | प्रवन्धपत्रको हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६(ख) | वित्तीय संस्थाको जारी पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैतीस करोड तेईस लाख एक्काईस हजार सातसय उनन्चालीस रुपैया एकाउन्न पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३७,२३,२१७।३९(सैतीस लाख तेईस हजार दुईसय सत्र दशमलव तीन नौ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालीस करोड छयहत्तर लाख बयानब्वे हजार तीनसय चार रुपैया छयहत्तर पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरका ४०,७६,९२३।०५ (चालीस लाख छयहत्तर हजार नौसय तेईस दशमलव शुन्य पाच) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी बृद्धि हुने भएकोले । |
| ६(ग) | वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३७,२३,२१,७३९। ५१ (अक्षरेपी सैतीस करोड तेईस लाख एक्काईस हजार सातसय उनन्चालीस रुपैया एकाउन्न पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३७,२३,२१७।३९ (सैतीस लाख तेईस हजार दुईसय सत्र दशमलव तीन नौ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु.४०,७६,९२,३०४। ७६ (अक्षरेपी चालीस करोड छयहत्तर लाख बयानब्वे हजार तीनसय चार रुपैया छयहत्तर पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरका ४०,७६,९२३।०५ (चालिस लाख छयहत्तर हजार नौसय तेईस दशमलव शुन्य पाच) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी बृद्धि हुने भएकोले । |

**३) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागी नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य पुरा गरी अन्तिम स्वीकृति लिने लगायत सो संग सम्वन्धित अन्य कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं. ३ यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागी नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने र

निजको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य पुरा गरी अन्तिम स्वीकृति लिने लगायत सो संग सम्वन्धित अन्य कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**४)प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं. ४ प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**१३. बिविध प्रस्ताव अन्तर्गत कुनै पनि प्रस्तावहरु दर्ता नभएकाले कुनै निर्णय भएन ।**

**१४.सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीहरुको तर्फबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

यस वित्तीय संस्थाको मिति २०८१।०९।०६ गते बसेको सञ्चालक समितिको वैठक नं २५० बाट संस्थापक शेयरधनीहरुको तर्फबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्न नियुक्त निर्वाचन अधिकृत श्री गिरधारी सुवेदीले यस वित्तीय संस्थाको सञ्चालक निर्वाचन निर्देशिका २०७० को नियम ९ वमोजिम निर्वाचन कार्यविधी सम्वन्धी सूचना मिति २०८१।०९।२२ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा जानकारी गराई यस वित्तीय संस्थाको वेभसाईटमा प्रकाशन गर्नुका साथै सूचनापाटीमा समेत टाँस गरिएको थियो । सोही बमोजिम निर्वाचनका सम्पूर्ण चरण पुरा गरी १९ औं वार्षिक साधारण सभा सम्मका लागि यस वित्तीय संस्थाको सञ्चालक निर्वाचन निर्देशिका २०७० को दफा १६ बमोजिम तपशिल वमोजिमको सञ्चालक समिति निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो । साथै, उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट पारित भएको घोषणा गर्नुभएको थियो ।

तपशिल :

| | |
|---|---|
| १ श्री चन्द्र वहादुर क्षेत्री | - सञ्चालक (संस्थापक समुह) |
| २ श्री चन्द्र वहादुर वस्नेत | - सञ्चालक (संस्थापक समुह) |
| ३ श्री रमा कुमारी शर्मा | - महिला सञ्चालक (संस्थापक समुह) |
| ४ श्री गणेश पौडेल | - सञ्चालक (संस्थापक समुह) |
| ५ श्री विश्वराज नेपाल | - सञ्चालक (सर्वसाधारण समुह) |
| ६ श्री युक्त वहादुर सुवदी | - सञ्चालक (सर्वसाधारण समुह) |

**१५. धन्यबाद ज्ञापन :**

संस्थाको पन्ध्रौं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितका लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने संस्थाका प्रमुख कार्यकारी अधिकृत, कम्पनी



CamScanner

सचिव, नायब प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकिय कर्मचारीहरु, अन्य कर्मचारीहरु साथै, निर्वाचन सम्पन्न गर्नुहुने निर्वाचन अधिकृत लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई सभाका अध्यक्षज्यूबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१६. सभा बिसर्जन :**

अन्त्यमा, सभाका अध्यक्ष तथा वित्तीय संस्थाका अध्यक्ष श्री चन्द्र वहादुर क्षेत्रीज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले वित्तीय संस्थाको पन्ध्रौं वार्षिक साधारणसभा अपरान्ह २ :३० बजे बिसर्जन गर्नुभयो ।

..................
**(फणिन्द्र पाण्डे)**
**कम्पनी सचिव**

..................
**(चन्द्र वहादुर क्षेत्री)**
**सभाका अध्यक्ष**

CamScanner